# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४७८

मिति: २०८३।०४।२३ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## मुखबाट निलेर पेटभित्र लुकाई ल्याएको ७.७५ ग्राम खैरो हेरोईन सहित १ जना पक्राउ

मिति २०८३।०४।२१ गते लागु औषध नियन्त्रण व्युरो शाखा कार्यालय महेन्द्रनगर र इलाका प्रहरी कार्यालय गड्डाचौकी कञ्चनपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्ला बझाङ जयपृथ्वी न.पा. वडा नं. ३ ठेगाना भएका वर्ष २७ को कमल वि.क. लाई भारतबाट नेपालतर्फ आउदै गर्दा जिल्ला कञ्चनपुर भिमदत्त न.पा. ११ गड्डाचौकीमा शंका लागी चेकजाँज गर्दा निजले पेटभित्र लागु औषध निलेर ल्याएको हुन सक्ने प्राप्त आधार देखिएकोले निजलाई नियन्त्रणमा लिई महाकाली प्रादेशिक अस्पताल लगेर X-ray गरी हेर्दा निजको पेटभित्र शंकास्पद वस्तु देखिएकोले उपचारपद्धतिको सहयोगबाट निजले मुखबाट निली पेटमा लुकाई ल्याएको Plastic Coated ९ वटा पोकाहरुबाट खैरो हेरोईन ७.७५ ग्राम बरामद गरी बरामद लागु औषधसहित पक्राउ प्रतिवादीलाई आवश्यक अनुसन्धान कारवाहीको लागी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर बुझाईएको।

**प्रवक्ता/ सूचना अधिकारी**

**(दुर्गा राज रेग्मी)**

**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]

इमेल: [ncb@nepalpolice.gov.np]